जहाँ छ मेरो जन्मभूमि त्यहाँ शान्त शीतल जलमग्नमा छन् भक्तवत्सल महेश्वर । म जन्मिए हुर्किएँ यस्तो पावन पुण्यभूमिमा नाम हो यसको जलेश्वर ।।-कवि पवेन्द्र मानश्रेष्ठ

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक

जि.प्र.का. महोत्तरी द.नं. ४३/०७०/७१
जि. महोत्तरी हु.द.नं. ४/०८०/८१

सबै क्षेत्रको प्रवर्द्धनको गुरु

www.jaleshwortoday.com

# जलेश्वर टुडे

Jaleshwor Today National Daily

एक कदम अगाडि

विज्ञापनको लागि सम्पर्क
: ९८४४०२७९७१
Whats App No:-
९८२४८७७६२७
Gmail :-
Jaleshwortoday
@gmail.com

बर्ष १३ • अंक ३०२ • २०८३ भदौ ५ गते शुक्रवार • 21 Aug. 2026 • पृष्ठ ४ • मुल्य रु.५/-

## जनकपुरधामको चार ऐतिहासिक तथा धार्मिक पोखरीको संरक्षण तथा सौन्दर्यकरण गरिने



**जलेश्वरटुडे समाचारदाता**
**जनकपुरधाम, ४ भदौ**

जनकपुरधाम उपमहानगरपालिका भित्रका चार ऐतिहासिक तथा धार्मिक पोखरीको संरक्षण तथा सौन्दर्यकरण गरिने भएको छ। धार्मिक, सांस्कृतिक र पर्यावरणीय महत्व बोकेका धनुषसागर, रामसागर, विषहरा र रत्नसागर पोखरीलाई करिब ६५ करोड रुपियाँको लागतमा पुनरुत्थान गर्न लागिएको हो। नेपाल सरकार, सहरी विकास मन्त्रालय अन्तर्गत राष्ट्रिय उत्थानशीलता तथा जीवनयापन सुधार आयोजना, आयोजना कार्यान्वयन एकाइको प्रस्तावमा एसियाली विकास बैङ्क (एडिबी) को ऋण सहयोगमा कार्यक्रम अघि बढाइएको हो। जनकपुरधाम उपमहानगरपालिकाको पहलमा सञ्चालन हुने कार्यक्रम वातावरण संरक्षण, पर्यटन प्रवर्धन र सहरको सौन्दर्य अभिवृद्धिमा केन्द्रित रहने कार्य गरिने जनकपुरधामका नगर प्रमुख मनोजकुमार साहले बताउनुभयो।

उहाँले पोखरी पुनरुत्थान कार्यक्रमले जनकपुरधामको सांस्कृतिक संरचनालाई पुनर्जीवित गर्नुका साथै वातावरण संरक्षणमा योगदान पुऱ्याउने बताउनुभयो।

ऐतिहासिक तथा सांस्कृतिक सम्पदाको संरक्षणसँगै स्थानीयवासीका आवश्यकता र सुझावलाई समेटेर काम गरिने प्रमुख साहको भनाइ थियो। प्रमुख साहले भन्नुभयो, "जनकपुरधामका यी पोखरी धार्मिक तथा सांस्कृतिक सम्पदाका रूपमा मात्र नभई सहरको पर्यावरणीय सन्तुलन, पर्यटन र सौन्दर्यका दृष्टिले समेत महत्वपूर्ण छन्। योजनाबद्ध संरक्षण र पुनरुत्थानपछि जनकपुरधामको ऐतिहासिक पहिचान थप मजबुत हुने अपेक्षा गरिएको छ।"

प्रारम्भिक वातावरणीय परीक्षण : आयोजना अघि बढाउन प्रस्तावित प्रारम्भिक वातावरणीय परीक्षण (आइइई) सम्बन्धमा चार वटै पोखरी क्षेत्रमा गत शुक्रबार सार्वजनिक सुनुवाइसमेत गरिएको छ। आयोजनाबाट वातावरणमा पर्न सक्ने सम्भावित प्रभाव, त्यसको न्यूनीकरणका उपाय तथा स्थानीय सरोकारवालाको सुझाव सङ्कलन गर्ने उद्देश्यले सार्वजनिक सुनुवाइ गरिएको थियो। सार्वजनिक सुनुवाइमा सहभागीले पोखरी पुनरुत्थान गर्दा वातावरण संरक्षणलाई प्राथमिकतामा राख्नुपर्ने सुझाव दिएका थिए।

पोखरी परिसरमा वृक्षरोपण, आवश्यक स्थानमा 'वाटर फाउन्टेन' निर्माण, निर्माण सामग्रीको व्यवस्थित भण्डारण तथा निर्माणका क्रममा धुलो, ध्वनि र अन्य वातावरणीय असर कम गर्नुपर्नेमा उनीहरूले जोड दिएका छन्। पोखरीको मौलिक धार्मिक तथा सांस्कृतिक स्वरूपमा असर नपर्ने गरी काम गर्नुपर्ने र स्थानीय समुदायको आवश्यकता तथा सहभागितालाई योजनामा समेट्नुपर्ने सुझावसमेत आएको छ। छलफलका क्रममा विषहरा पोखरीको पुनरुत्थानबाट पर्न सक्ने वातावरणीय प्रभाव र त्यसको न्यूनीकरणका उपायबारे विशेष रूपमा छलफल गरिएको थियो। रत्नसागर, रामसागर र धनुषसागरको संरक्षण तथा पुनरुत्थान गर्दा धार्मिक, सांस्कृतिक, सामाजिक र पर्यावरणीय पक्षलाई एकसाथ ध्यान दिनुपर्नेमा सरोकारवालाले जोड दिएका थिए।

## मधेश प्रदेशमा चौपायामा लाग्ने लम्पी स्किन रोगको संक्रमण तीव्र रूपमा फैलिँदै

**जलेश्वरटुडे समाचारदाता**
**महोत्तरी, ४ भदौ**



मधेश प्रदेशमा चौपायामा लाग्ने लम्पी स्किन रोगको संक्रमण तीव्र रूपमा फैलिँदै गएको छ। समयमै रोग पहिचान भए पनि समुचित उपचार, खोप तथा नियन्त्रणका कार्यक्रम प्रभावकारी रूपमा सञ्चालन हुन नसक्दा प्रदेशका सात जिल्लाका ७६ वडा संक्रमणको चपेटामा परेका छन्।

संक्रमणका कारण हालसम्म २१ चौपायाको मृत्यु भइसकेको छ। पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय, मधेश प्रदेशका अनुसार पर्साबाहेक प्रदेशका सातवटै जिल्लामा लम्पी स्किनको संक्रमण फैलिएको छ। हालसम्म आठ गाई, चार गोरु र ३०८ बाछाबाछी गरी ३२० चौपाया संक्रमित भएको तथ्याङ्क निर्देशनालयले सार्वजनिक गरेको छ। प्रभावित जिल्लामा तथ्याङ्क अद्यावधिक गर्ने काम भइरहेकाले संक्रमित चौपायाको संख्या अझ बढ्न सक्ने निर्देशनालयले जनाएको छ। निर्देशनालयका निर्देशक जागेश्वर यादवले लम्पी स्किनका कारण रौतहटमा १२, महोत्तरीमा सात र बारामा दुई बाछाबाछी गरी २१ चौपायाको मृत्यु भएको जानकारी दिनुभयो। वरिष्ठ पशु विकास अधिकृत डा. राजकुमार साहका अनुसार रौतहटमा लम्पी स्किनको संक्रमण उच्च छ। जिल्लाको चन्द्रपुर नगरपालिकासहित गढीमाई, ईशनाथ, राजपुर, दुर्गाभगवती र यमुनामाई लगायत स्थानीय तहमा संक्रमण फैलिएको छ। निर्देशनालयका अनुसार सप्तरीका १८, सिरहाका नौ, धनुषाका १६, महोत्तरीका सात, सर्लाहीका दुई, रौतहटका छ र बाराका ११ गरी सात जिल्लाका ७६ वडा प्रभावित भएका छन्।




## आत्महत्या समस्याको समाधान होइन :

**आत्महत्याका कारण :**
- मानसिक तनाव, डिप्रेशन, एक्लोपन वा निराशा,
- हिंसा, पारिवारिक झगडा वा सम्बन्ध विच्छेद र प्रेममा असफलता,
- गरिबी, बेरोजगारी, आर्थिक संकट र ऋण लाग्नु,
- हिनताबोध, आवेश र घुर्की देखाउनु,
- व्यक्तिगत र पारिवारिक इच्छा, आकांक्षा पूर्ती हुन नसक्नु,
- सोचे अनुसार सफलता प्राप्त नहुनु,
- सामाजिक वहिष्कार र दुर्व्यवहार लगायत।

**रोकथामका लागि :**
- आफन्त, साथी वा विश्वासिलो व्यक्तिसँग समस्याका बारेमा खुलेर कुरा गरौं,
- तनाव वा समस्या परेमा मनोचिकित्सक वा परामर्शकर्ताको सहयोग लिऔं,
- आत्महत्याको सोच आएमा तत्काल परिवारका सदस्यलाई बताऔं वा सहायता केन्द्रमा सम्पर्क गरौं,
- तनाव र निराशामा रहेका व्यक्तिको समस्या सुनौं र सहयोग गरौं।

**"एक-अर्काको सहारा बनौं, आत्महत्या होइन समस्याको समाधान खोजौं"**

**नेपाल सरकार**
**विज्ञापन बोर्ड**




## न्यायपालिकालाई संरक्षण गर्न जरुरी

कुनै पनि मुलुकको लोकतन्त्रको अवस्था जाँच्ने महत्वपूर्ण कसी भनेकै उक्त मुलुकको न्यायपालिकाको वास्तविक अवस्था नै रहेको देखिन्छ। जुन मुलुकमा स्वतन्त्र, सक्षम र निष्पक्ष न्यायपालिका हुन्छ त्यहाँ मात्र वास्तविक लोकतन्त्र र उत्तरदायी शासन व्यवस्था छ भन्ने बुझिएको देखिन्छ। केही समयअघि एमनेस्टी इन्टरनेसन लगायतका विश्वप्रख्यात अन्तर्राष्ट्रिय संस्थाहरूले अनुचित हस्तक्षेपका कारण नेपालमा न्यायिक स्वतन्त्रता, विधिको शासन र शक्तिपृथकीकरणको सिद्धान्त समेत गम्भीर जोखिममा परेको भन्दै चिन्ता व्यक्त गरेको थियो । त्यो चिन्ता उनीहरूले उसै व्यक्त गरेको भने थिएन, उनीहरूले संवैधानिक परिषद् ऐनमा अध्यादेश मार्फत गरिएको संशोधन, सर्वोच्च अदालतमा वरिष्ठता तोडेर गरिएको प्रधानन्यायाधीशको नियुक्ति र बहालवाला न्यायाधीशहरूलाई राजीनामा नदिए महाअभियोग लगाउनेसम्मको धम्की दिएको भन्ने आधार लिएर न्यायपालिकाको सम्बन्धमा चासो देखाएको पाइन्छन । तर, सरकार यो कुरा मान्न तयार छैन ।

सरकारको तर्फबाट यसलाई कपोलकल्पित वा मिथ्या आरोप भनिरहेका छन । उसले महाअभियोगको प्रसंग अगाडि बढाएको तथ्य सार्वजनिक गर्न चुनौतीसमेत दिइरहेका छन । आज यो विषयलाई ओझेलमा पार्ने प्रयास भइरहेको छ यद्यपि न्यायपालिका उपर सरकारी हस्तक्षेप सुरु भएको हो भने न्यायपालिकाको रक्षाको लागि जनताले खबरदारी गर्नै पर्दछ अन्यथा राजनीतिक पूर्वाग्रह वा अन्य दूषित भाव राखेर सरकार विरुद्ध अन्तर्राष्ट्रिय संस्था सक्रिय भएका हुन् भने त्यसको विरुद्ध पनि विशेष सजगता अपनाउनुपर्ने रहेको देखिन्छ ।

# आँखा शिविरमा २९१ जनाले आँखाको परीक्षण गराए

**जलेश्वरटुडे समाचारदाता**
**सप्तरी, ४ भदौ**

सप्तरीको छिन्नमस्ता गाउँपालिका-३ मा बुधबार आयोजित आँखा शिविरमा २९१ जनाले आँखाको परीक्षण गराएका छन् ।

धर्मी हल्फा महिला विकास क्लब सप्तरीको आयोजना तथा सगरमाथा चौधरी आँखा अस्पताल, लहानको प्राविधिक सहयोगमा सञ्चालन गरिएको शिविरमा अस्पतालका सात जना नेत्र स्वास्थ्यकर्मी तथा चिकित्सकको टोलीले सेवा प्रदान गरेको थियो । शिविरमा परीक्षण गराएकामध्ये ९५



जनामा मोतियाबिन्दु फेला परेको क्लबका अध्यक्ष इन्जिनियर सूर्यनारायण यादवले जानकारी दिनुभयो। उहाँका अनुसार शिविरमा पहिचान भएका मोतियाबिन्दुका बिरामीको सगरमाथा चौधरी आँखा अस्पताल, लहानमा निःशुल्क उपचार तथा शल्यक्रियाको व्यवस्था मिलाइएको छ । सप्तरीका प्रमुख जिल्ला अधिकारी श्यामकृष्ण थापाले शिविरको उद्घाटन गर्नुभएको थियो। उद्घाटन कार्यक्रममा उहाँले स्थानीयस्तरमा सञ्चालन हुने यस्ता स्वास्थ्य शिविरबाट गरिब तथा विपन्न नागरिकले प्रत्यक्ष लाभ लिन सक्ने भएकाले यस्ता कार्यक्रम समय-समयमा आयोजना गर्न आवश्यक रहेको बताउनुभयो ।

शिविरमा जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रमुख प्रहरी उपरीक्षक रुपक खड्का, सशस्त्र प्रहरी बल नेपाल नम्बर ६ गणका गणपति सशस्त्र प्रहरी उपरीक्षक नवीनसिंह राई, छिन्नमस्ता गाउँपालिका-३ का वडाध्यक्ष विजयकुमार यादव, वडा नम्बर १ का वडाध्यक्ष ललनप्रसाद यादव लगायतको उपस्थिति रहेको थियो ।

# रासायनिक मलखाद बिक्री-वितरणमा अनियमितता

**जलेश्वरटुडे समाचारदाता**
**राजविराज, ४ भदौ**

सप्तरीको खडक नगरपालिका-११ मा रासायनिक मलखाद बिक्री-वितरणमा अनियमितता भएको भन्दै स्थानीय किसानले छानबिन तथा कारबाहीको माग गरेका छन् । मलखाद बिक्री गर्दा किसानलाई बिल नदिने, बिक्री रजिस्टर अद्यावधिक नगर्ने तथा किसानका नाममा वितरण भएको मलको अभिलेख व्यवस्थित नराख्ने गरेको किसानहरूको आरोप छ ।

खडक नगरपालिका-११, बनौली र लालपुरका किसानले श्री मिशन कृषि फर्मका सञ्चालक मनोजकुमार चौधरीले मलखाद बिक्री-वितरणमा आवश्यक प्रक्रिया पूरा नगरेको आरोप लगाएका हुन् । खडक-१ ठेगाना भएको उक्त फर्मलाई खडक नगरपालिका कार्यालयले वडा नं. ११ का किसानलाई मलखाद उपलब्ध गराउन तथा बिक्री-वितरण गर्न जिम्मेवारी दिएको जनाइएको छ। किसानका अनुसार मलखाद बिक्री गर्दा वास्तविक खरिदकर्ताको हस्ताक्षरसमेत व्यवस्थित रूपमा नगराई बिक्री रजिस्टर अद्यावधिक नगर्ने गरिएको छ। केही किसानको मात्र हस्ताक्षर गराई बाँकीको नाममा आफैँ हस्ताक्षर गरेर अभिलेख पूरा गर्ने गरिएको उनीहरूको आरोप छ ।



मल बिक्री भएको लामो समयसम्म पनि रजिस्टरमा बिक्री विवरण अद्यावधिक नगरेको भेटिएको किसानहरूले बताएका छन् । मलखाद खरिद गर्ने किसानलाई बिक्री बिलसमेत नदिने गरेको बिक्रेता डिलरले स्वीकार गरेका छन् । डिलर सञ्चालकका अनुसार वितरणका क्रममा अत्यधिक भीड हुने भएकाले बिल जारी गर्न नसकिएको हो । बिल र बिक्री रजिस्टरमा वास्तविक कारोबारको विवरण नहुँदा मल कहाँ र कसलाई बिक्री भयो भन्ने यकिन गर्न कठिन हुनुका साथै अनियमितताको आशङ्का बढेको किसानहरूको भनाइ छ । किसानहरूले एउटै सगोल परिवारका धेरै सदस्यका नाममा किसान कार्ड बनाएर उनीहरूको कोटाको मल एकै ठाउँमा जम्मा गर्ने र महँगो मूल्यमा अन्य व्यक्तिलाई बिक्री गर्ने गरिएको आरोप लगाएका छन् ।





अनुरोधकर्ता
लक्ष्मीनियाँ गाउँपालिकाको कार्यालय
धनुषा, मधेश प्रदेश


### तपाईको टुडे

मेष: मित्रतामा फाटो आउने
वृष: लामो यात्राको योग छ
मिथुन: अशुभ समाचार प्राप्त हुने
कर्कट: अनावश्यक खर्चको संभावना
सिंह: अनावश्यक चिन्ता
कन्या: खानपानमा समस्या आउने
तुला: विचार गरेर बोल्नुहोला
वृश्चिक: आम्दानी हुने
धनु: पिछडेको साथी मिल्ने
मकर: शुभ कार्यको शुरुवात
कुम्भ: मनमा पछुतो आउने
मीन: पढाईमा ध्यान दिनुपर्ने


### मधेश प्रदेशको गौरव

श्री सत्यनारायण भगवानको दर्शन गरौं,मनबाञ्छित फल पाऔं ।



आरती : विहान : ९ र राति ८ बजे
ठेगाना : शरञ्चियाँ कुट्टि र कलबार कुट्टिको विचमा,पु.:९८२७८१४५८८

श्री देवअंशी लहेरी समाज, जनकपुरधाम–४,धनुषा


### आवश्यक टेलिफोन नम्बरहरु

**जलेश्वर**

| | |
|---|---|
| नेपाल पत्रकार महासंघ महोत्तरी | ५२०५१५ |
| जलेश्वरअस्पताल एम्बुलेन्स | ९७४४००२५२७ |
| नेपाल रेडक्रस सोसाइटी एम्बुलेन्स | ५२०१००, |
| सामुदायिक विकास परि.एम्बुलेन्स | ५२१००५, |
| RCDSC एम्बुलेन्स | ५२०२९८, |
| दसहारा एम्बुलेन्स | ५२०६७७, ९८४४२६०००० |
| बर्दिबास अस्पताल एम्बुलेन्स | ५५००९०, |
| बर्दिवास सेवा समिति एम्बुलेन्स | ५५०५८६, |
| रामगोपालपुर एम्बुलेन्स | ६९०५९३ |
| जिल्ला प्रहरी | ५२०००९ |
| विद्युत | ५२०१६६ |
| वारुण यन्त्र | ५२००९७ |
| जिल्ला प्रशासन | ५२००५५ |

**आवश्यक नम्वरहरुको लागि सम्पर्क गरौं १९७**

**जनकपुर**

| | |
|---|---|
| प्रहरी धनुषा | 520099, 100 |
| सुरक्षा गुल्म जनकपुर बैरेक | 0186,526586 |
| सशस्त्र प्रहरी मुजेलिया | 527213, 527800 |
| मुजेलिया प्रहरी चौकी | 520750 |
| ट्राफिक कार्यालय जिरोमाईल | 520366 |
| एम्बुलेन्स पब्लिक वेल फेयर | 9854022474 |
| एम्बुलेन्स रेडक्रस | 102 |
| एम्बुलेन्स (सरोज फाउन्डेशन) | 522806 |
| महाबीर एम्बुलेन्स | 525980 |
| एम्बुलेन्स मेडिकल कलेज | 526091 |
| एम्बुलेन्स केयर मेडिकल सेन्टर | 523864 |
| बरुण यन्त्र जनपा | 520011 |
| जिल्ला जनस्वास्थ्य कार्यालय | 526271 |
| जनकपुर अंचल अस्पताल | 520033 |
| केयर मेडिकल सेन्टर | 523864 |
| धनुषा तथा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | 525800 |
| **जानकी हेल्थ केयर एण्ड रिसर्च सेन्टर** | 525342 |

### जलेश्वरनाथ मन्दिर पुजाआजा

बिहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०५:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०६:३० बजे
राति ढोका बन्द हुने समय : १२ बजे
(हरेक हप्ताको मंगलबार र शनिबार मन्दिर प्राङ्गणमा दिउँसो भजन किर्त्तन सहित हनुमान आराधना )

### जानकी मन्दिर पुजाआजा

बिहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०७:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
अन्न क्षेत्र : निःशुल्क भोजन
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०७:३० बजे

# इरानलाई सघाउने देशले गम्भीर आर्थिक परिणाम भोग्ने ट्रम्पको चेतावनी



**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, ४ भदौ**

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले इरानलाई कुनै पनि प्रकारको सहयोग वा आर्थिक सहारा दिने देशले गम्भीर आर्थिक परिणाम भोग्नु पर्ने चेतावनी दिएका छन् । ६ महिना अघि इजरायलसँग मिलेर इरानमा सुरु गरेको युद्ध अन्त्य गर्न प्रयास बारम्बार असफल भइरहेको समयमा ट्रम्पले यो चेतावनी दिएका हुन् । इरान युद्ध सुरु भएयता खाडी क्षेत्रमा हजारौं मानिसको ज्यान गइसकेको छ । इरान युद्धका कारण महत्त्वपूर्ण तेल ढुवानी मार्ग स्टेट अफ होर्मुज ठप्पप्रायः बनेसँगै विश्व बजारमा समेत यसले ठुलो प्रभाव पारेको छ । युद्ध सुरु हुनुअघि विश्वभर आपूर्ति हुने झन्डै २० प्रतिशत तेल यही जलमार्ग हुँदै ओसारपसार हुन्थ्यो । ट्रम्पले बुधबार सामाजिक सञ्जालमार्फत इरानलाई सहयोग गर्ने देशविरुद्ध 'अभूतपूर्व स्तरको आर्थिक युद्ध र एक्लाउने नीति' अपनाउने बताएका छन् । उनले इरानलाई सहयोग गर्ने देशका वित्तीय संस्था, व्यवसाय, विमानस्थल वा सरकारी निकायले कुनै पनि प्रकारको सहारा उपलब्ध गराएमा ती देशले 'ठुलो आर्थिक परिणाम' भोग्नुपर्ने चेतावनी दिए । तर ट्रम्पले त्यस्तो सहयोग गर्ने देशमाथि अमेरिकाले कस्ता ठोस कदम चाल्नेछ भन्नेबारे विस्तृत जानकारी दिएका छैनन् । उनले कुनै देशको नाम पनि उल्लेख गरेका छैनन् । इरानले सन् १९७९ को इस्लामिक क्रान्तिपछि करिब पाँच दशकदेखि अमेरिकी आर्थिक प्रतिबन्धको सामना गर्दै आएको छ । अमेरिका र इरानबिच स्टेट अफ होर्मुजबाट युद्धअघि जस्तै सहज रूपमा जहाज आवागमन पुनः सुरु गर्ने उद्देश्यले अप्रिल र जुनमा दुईपटक युद्धविराम सम्झौता घोषणा गरिएको थियो । तर दुवै सम्झौता छोटो समयमै विफल भए । यसबिच इजरायल भने युद्धबाट ठुलो मात्रामा पछि हटेको बताइएको छ ।

अमेरिकाको प्रमुख सैन्य आधार रहेको संयुक्त अरब इमिरेट्स (यूएई)ले मंगलबार इरानसँगको सबै व्यापारिक गतिविधि, व्यावसायिक आदानप्रदान र वित्तीय कारोबार अनिश्चितकालका लागि रोक्ने घोषणा गरेको थियो । युएईको रक्षा मन्त्रालयले इरानबाट प्रहार गरिएका दुईवटा क्षेप्यास्त्र समुद्रमा खसेको पत्ता लगाएको दाबी गरेपछि उक्त निर्णय आएको हो । तर इरानले युएईको दाबीलाई आधारहीन भनेको छ । इरानको तेल निर्यातको ठुलो हिस्सा चीनले खरिद गर्दै आएको छ । विश्लेषणात्मक संस्था केप्लरका सन् २०२५ का तथ्यांकअनुसार इरानबाट समुद्री मार्ग हुँदै निर्यात हुने तेलको ८० प्रतिशतभन्दा बढी चीनले किनेको थियो ।

जिल्ला धनुषा जनकपुर उप-महानगरपालिका वार्ड नं. ८ पिडारी चौकमा स्थापना भई संचालन हुने मधेश होस्पिटल प्रा.लि.को लागी आवश्यक पर्ने प्रारम्भिक वातावरणीय परिक्षण (IEE) प्रतिवेदन तयारी सम्बन्धी

**सार्वजनिक सूचना**

मधेश प्रदेश धनुषा जिल्ला जनकपुर उप-महानगरपालिका वार्ड नं. ८ पिडारी चौकमा मा स्थापना भई संचालन हुने मधेश होस्पिटल प्रा.लि.ले निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ ।

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना : | नामः मधेश होस्पिटल प्रा.लि.<br>ठेगानाः- जनकपुर उप-महानगरपालिका वार्ड नं.८ पिडारी चौक,धनुषा<br>सम्पर्क नंः- ९८१२०१५१२८ |
| प्रस्तावको व्यहोरा : | जनकपुर उप-महानगरपालिका वार्ड न. ८, पिडारी चौक, धनुषाको कित्ता नं. ८७ र ३३७ को क्षेत्रफल १९६५.९० व.मि.जग्गा र सोमा निर्माण भएको भवनमा स्थापना भई संचालन हुने मधेश होस्पिटल प्रा.लि. को लागि प्रारम्भिक वातावरणीय परिक्षण (IEE) प्रतिवेदन तयारी गर्ने कार्य । |
| प्रभाव पर्न सक्ने जिल्ला/न.पा./गा.पाः | जनकपुर उप-महानगरपालिका |

माथी उल्लेखित प्रस्तावको वातावरणीय अध्ययन प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक प्रणाली, भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, सौंस्कृतिक प्रणाली र आर्थिक प्रणालीबिच के कस्तो प्रभाव पर्दछ भनी यकिन गर्न सो स्थानको न.पा./गा.पा. तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले ७ (सात) दिनभित्र निम्न ठेगानामा आई पुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिनु हुन अनुरोध गरिन्छ ।

**राय सुझावको लागी पत्राचार गर्ने ठेगानाः**

| | |
|---|---|
| सम्बन्धित वडा कार्यालयः | जनकपुर उप-महानगरपालिका ८ नं. वडाको कार्यालय |
| प्रस्तावकको नाम र ठेगानाः | नामः मधेश होस्पिटल प्रा.लि.<br>ठेगानाः- जनकपुर उप-महानगरपालिका वार्ड नं. ८ पिडारी चौक, धनुषा<br>सम्पर्क नंः- ९८१२०१५१२८<br>इमेलः madheshhospital222@gmail.com |
| परामर्शदाताको नाम र ठेगानाः | सुनरस कन्सल्टेन्सी एण्ड ट्रेडर्स प्रा.लि., बिरगंज-१६, धनुषा ।<br>सम्पर्क व्यक्तिः शम्भु प्रसाद चौरसिया<br>सम्पर्क नं.: ९८५१००६६४३<br>इमेलः shambhuprasadchaurasia@gmail.com |

# जनकपुरधामक सांस्कृतिक स्मृति बचावबयक सामूहिक दायित्वः



**-मुरली मनोहर मिश्र ।**

जनकपुरधामक सन्दर्भमे पाण्डुलिपि संरक्षण केवल पुरान पोथी-पुस्तक बचेनाइ नहि, बल्कि मिथिलाक सामूहिक स्मृति, ज्ञान-परम्परा, साहित्य, दर्शन, धर्म, चिकित्सा, ज्योतिष, कला आ सामाजिक इतिहासक संरक्षण सेहो अछि। बिहारमे भऽ रहल पाण्डुलिपि डिजिटलीकरणक प्रयास जनकपुरधाम लेल सेहो प्रेरणादायक मॉडल बनि सकैत अछि ।

पाण्डुलिपि केवल कागज, भोजपत्र, ताड़पत्र वा पुरान पोथी नैइ होइत अछि, यी कोनो समाजक स्मृति, अनुभव, ज्ञान आ सभ्यताक जीवित दस्तावेज होइत अछि। मिथिला सदिखन ज्ञान, दर्शन, साहित्य, धर्म, कला आ विद्वत्ताक भूमि रहल अछि । जनकपुरधाम त एहि समृद्ध परम्पराक प्रमुख केन्द्र रहल अछि । अतः जनकपुरधाममे सुरक्षित पुरान पाण्डुलिपि वस्तुतः सम्पूर्ण मिथिलाक अमूल्य सांस्कृतिक सम्पत्ति अछि ।

बिहार सरकार द्वारा पाण्डुलिपिक डिजिटलीकरणक दिशा मे भऽ रहल प्रयास एहि दृष्टिसँ महत्वपूर्ण उदाहरण अछि। मूल पाण्डुलिपिक संरक्षणक संग-संग ओकर उच्च गुणस्तरीय डिजिटल अभिलेख तैयार कयला सँ एक दिस दुर्लभ सामग्रीक क्षति वा विनाशक जोखिम घटैत अछि, दोसर दिस शोधकर्ता, विद्यार्थी आ आम नागरिक लेल ज्ञानक पहुँच सेहो सहज बनैत अछि ।

१. जनकपुरधाममे किएक आवश्यक अछि पाण्डुलिपि संरक्षण ?

जनकपुरधामक मठ-मन्दिर, गुठी, आश्रम, निजी संग्रह, विद्वानक घर आ पुरान धार्मिक-सांस्कृतिक संस्थानमे अनेक महत्वपूर्ण पोथी-पाण्डुलिपि छिपल होयबाक सम्भावना अछि। मुदा समस्या यी अछि जे बहुतो सामग्री उचित संरक्षणक अभावमे जीर्ण-शीर्ण भऽ रहल अछि। दीमक, आर्द्रता, तापमान, धूलि, आगि, अनुचित भण्डारण आ मानवीय उपेक्षा सभ मिलि कऽ एहि धरोहरक अस्तित्व पर संकट उत्पन्न कऽ रहल अछि । सब सँ गम्भीर बात यी अछि जे कतिपय पाण्डुलिपिक महत्वक जानकारी स्वयं ओकर धारक परिवार वा संस्थाकेँ सेहो नैइ रहैत अछि। यदि समय रहैत सूचीकरण, अभिलेखीकरण आ डिजिटलीकरण नैइ भेल तँ अगामी पीढ़ी लेल एहि ज्ञानक कतेको अध्याय सदाक लेल समाप्त भऽ सकैत अछि ।

**प्रस्ताव :**

'जनकपुर पाण्डुलिपि संरक्षण एवं डिजिटल अभिलेख परियोजना'

जनकपुरधाम उपमहानगरपालिका, मधेश प्रदेश सरकार, पुरातत्व विभाग, नेपाल प्रज्ञा-प्रतिष्ठान, विश्वविद्यालय, गुठी संस्था, मठ-मन्दिर, स्थानीय विद्वान आ नागरिक समाजक सहकार्यसँ 'जनकपुर पाण्डुलिपि संरक्षण एवं डिजिटल अभिलेख परियोजना' प्रारम्भ कयल जेबाक चाही । एहि परियोजनाक अन्तर्गत–

क) जनकपुरधाम आ आसपासक क्षेत्रमे रहल पाण्डुलिपिक सर्वेक्षण आ सूचीकरण कयल जाय,
ख) मठ-मन्दिर, गुठी, आश्रम आ निजी संग्रहक धारकसभसँ समन्वय कऽ पाण्डुलिपिक डिजिटल क्याटलग तैयार कयल जाय,
ग) दुर्लभ पाण्डुलिपिक उच्च गुणस्तरीय स्क्यानिङ तथा डिजिटल प्रतिलिपि बनाओल जाय,
घ) मूल दस्तावेज लेल तापमान, आर्द्रता, प्रकाश, कीट नियन्त्रण आ अग्निसुरक्षासहित वैज्ञानिक संरक्षण कक्ष बनाओल जाय,
ङ) विशेषज्ञक सहयोगसँ पाण्डुलिपिक पठन, लिप्यन्तरण, अनुवाद आ विषयगत वर्गीकरण कयल जाय,
च) महत्वपूर्ण पाण्डुलिपिक डिजिटल सामग्रीक आधार पर जनकपुर डिजिटल म्यानुस्क्रिप्ट पोर्टल विकसित कयल जाय,
छ) विश्वविद्यालय आ शोध संस्थानक विद्यार्थी तथा अनुसन्धानकर्ताकेँ नियंत्रित रूपमे डिजिटल अभिलेखक पहुँच देल जाय,
ज) विद्यालय स्तरसँ पाण्डुलिपि संरक्षणक महत्व सम्बन्धी जनचेतना अभियान चलाओल जाय,
झ) स्थानीय युवाकेँ स्क्यानिङ, डिजिटलीकरण, अभिलेख व्यवस्थापन आ संरक्षणक तकनीकमे प्रशिक्षण देल जाय,
ञ) मिथिला आ भारतक सम्बन्धित संस्थानसभक सहयोगसँ सीमा-पार रहल समान पाण्डुलिपि पर संयुक्त अनुसन्धान परियोजना शुरू कयल जाय ।

२. केवल सरकारक जिम्मेवारी नैइ,

पाण्डुलिपि संरक्षणक जिम्मेदारी सरकारक मात्र नैइ भऽ सकैत अछि । जाहि परिवार, मठ, मन्दिर वा संस्थाक लग पुरान पोथी अछि, हुनक सेहो नैतिक दायित्व अछि जे ओ सामग्रीकेँ निजी सम्पत्ति बुझि कऽ बन्द कोठलीमे नष्ट नैइ होयब देथि ।

एहि लेल एकटा महत्वपूर्ण नीति होयबाक चाही जे :

"मूल पाण्डुलिपि सुरक्षित राखू, डिजिटल प्रति सार्वजनिक ज्ञान लेल उपलब्ध कराउ।" स्वामित्वक सम्मान कायम राखैत ज्ञानक सार्वजनिक पहुँच सुनिश्चित कयल जा सकैत अछि ।

३. जनकपुरधाम लेल एकटा अवसर,

जनकपुरधामकेँ यदि केवल धार्मिक पर्यटनक केन्द्रक रूपमे नैइ, बल्कि मिथिला ज्ञान, अनुसन्धान आ सांस्कृतिक अभिलेखक केन्द्रक रूपमे विकसित करबाक अछि तँ पाण्डुलिपि संरक्षण ओकर आधारभूत कार्यमे सँ एक होयबाक चाही ।

जानकी मन्दिर, मठ-मन्दिर, गुठी, संस्कृत विद्यालय, पुरान पुस्तकालय आ विद्वान परिवारसभक संग्रहक व्यवस्थित सर्वेक्षण कऽ यदि एकटा केन्द्रीय डिजिटल अभिलेख तैयार कयल जाय तँ जनकपुरधाम दक्षिण एशियाक महत्वपूर्ण सांस्कृतिक अनुसन्धान केन्द्रक रूपमे अपन पहिचान मजबूत कऽ सकैत अछि ।

४. अन्तिम बात,

पाण्डुलिपि बचेनाइ अतीतकेँ केवल संग्रहालयमे बन्द करेनाइ नैइ अछि, यी भविष्यक पीढ़ीकेँ अपन पहिचान आ ज्ञानक स्रोत सौंपेनाइ अछि। जे समाज अपन दस्तावेज बचबैत अछि, ओ अपन इतिहास बचबैत अछि; जे अपन इतिहास बचबैत अछि, ओ अपन भविष्यक आधार मजबूत करैत अछि ।

अतः बिहारक डिजिटलीकरण प्रयाससँ प्रेरणा लैत नेपाल सरकार, मधेश प्रदेश सरकार आ जनकपुरधाम उपमहानगरपालिकाकेँ तत्काल 'जनकपुर पाण्डुलिपि संरक्षण एवं डिजिटल अभिलेख अभियान' प्रारम्भ करबाक चाही ।

हमर प्रस्ताव स्पष्ट अछि जे पहिने खोजू, फेर सूचीबद्ध करू; वैज्ञानिक ढंगसँ संरक्षण करू, डिजिटल स्वरूपमे सुरक्षित करू आ अन्ततः अनुसन्धान तथा समाजक लेल उपलब्ध कराउ ।

किएक तँ पाण्डुलिपि केवल पुरान पोथी नैइ अछी, यी मिथिलाक स्मृति अछि, हमर पहिचान अछि आ आगाँक पीढ़ी लेल हमर उत्तराधिकार अछि ।

# नेपालमा पुँजीवादको जालो र साम्राज्यवादको प्रभाव

-सोभियत संघको विघटनपछि विश्वमा पुँजीवादको प्रभुत्व बढे पनि २१औं शताब्दीको दोस्रो दशकदेखि यसले गम्भीर संकटको सामना गरिरहेको छ । नेपालले नवउदारवादी अर्थनीति, दलाल पुँजीवाद र विश्वव्यापीकरणको अभ्यासले आर्थिक परनिर्भरता, सामाजिक विसङ्गति र वर्गीय ध्रुवीकरण बढाएको छ । साम्राज्यवाद र विस्तारवादका हस्तक्षेपहरू, कृषि संकट, सामाजिक उत्पीडन र कम्युनिस्ट आन्दोलनको विचलनले नेपाल जटिल मोडमा पुगेको छ । सोभियत संघको विघटनपछि विश्वमा एक प्रकारको पुँजीवादी अहङ्कार निकै प्रबल बनेको थियो । तर इतिहासको गतिसँगै त्यो प्रबलता क्रमिक रूपमा ह्रास हुन थाल्यो। २१औं शताब्दीको दोस्रो दशकदेखि नै विश्व पुँजीवादले गम्भीर र दीर्घकालीन संकटहरूको सामना गरिरहेको छ । पुँजीवादी व्यवस्थाकै विश्लेषक तथा अर्थशास्त्रीहरूले समेत वर्तमान पुँजीवादले संकट बेहोर्नुपरेको यथार्थ स्वीकार्न थालेका छन् ।

पुँजीवादीहरूले १९औं शताब्दीको पुरानो र मृतप्रायः दर्शन भन्दै खिल्ली उडाएको मार्क्सवादले समकालीन पुँजीवादको अन्तर्निहित अन्तरविरोध र संकटलाई वैज्ञानिक ढङ्गले विश्लेषण गर्न सक्छ भन्ने तथ्य पुनः प्रमाणित गरिदिएको छ। यो विश्व परिदृश्यलाई नेपालको विशिष्ट भू-राजनीतिक, सामाजिक र आर्थिक धरातलमा उभिएर हेर्दा स्थिति झनै जटिल देखिन्छ। नेपालले विगत तीन दशकदेखि जुन प्रकारको अन्धो नवउदारवादी अर्थनीति, दलाल पुँजीवाद र विश्वव्यापीकरणको अभ्यास गर्दै आएको छ, त्यसले देशलाई गम्भीर आर्थिक परनिर्भरता, सामाजिक विसङ्गति र वर्गीय ध्रुवीकरणतर्फ धकेलिरहेको छ। तसर्थ, नेपालको सन्दर्भमा २१औं शताब्दीको मार्क्सवाद केवल किताबी अध्ययन वा बौद्धिक विमर्शको विषय मात्र होइन, यो त देशको राष्ट्रिय सार्वभौमिकता, आर्थिक स्वाधीनता र श्रमजीवी जनताको मुक्तिको अपरिहार्य मार्ग हो ।

नवउदारवादी पुँजीवादः चार दशकसम्म निरङ्कुश राजतन्त्रको जाँतोमुनि पिसिन बाध्य नेपाली जनता २०४६ सालको जनआन्दोलनपछि मात्र बहुदलीय प्रजातन्त्रमा प्रवेश गरे। तर दुर्भाग्यवश, यही कालखण्डमा विश्व बैंक र अन्तर्राष्ट्रिय मुद्रा कोष जस्ता साम्राज्यवादी वित्तीय संस्थाहरूको आडमा नेपालको राज्यसत्ताले संरचनागत समायोजन र उदारीकरणको नीतिलाई अन्धाधुन्ध अँगाल्यो। यसैको परिणामस्वरुप औद्योगिक उत्पादनको पतनको युग सुरु भयो । राज्यले संरक्षण गर्दै आएका सार्वजनिक संस्थान तथा कलकारखानाहरू– भृकुटी कागज कारखाना, लुम्बिनी चिनी कारखाना, जनकपुर चुरोट कारखाना, बाँसबारी छाला जुत्ता कारखाना आदिलाई एकपछि अर्को गर्दै कौडीको भाउमा बेचियो। कृषि औजार कारखाना, वीरगन्ज चिनी कारखाना, हेटौँडा कपडा उद्योग, रघुपति जुट मिल जस्ता कारखानाहरू बन्द गरिए ।

यसले नेपालको सीमित राष्ट्रिय औद्योगिक आधारलाई पूर्ण रूपमा ध्वस्त बनायो । कथित उदारीकरणका नाममा दलाल पुँजीवादको बोलबाला हुन थाल्यो । उत्पादनशील क्षेत्रमा लगानी हुनुको सट्टा पुँजी घरजग्गाको कारोबार, आयात व्यापार र वित्तीय सट्टेबाजीमा केन्द्रित भयो। नेपाल वस्तु उत्पादन गर्ने देशबाट पूर्ण रूपमा परनिर्भर उपभोक्ता बजारमा रूपान्तरण भयो । देशभित्र उत्पादनका साधनहरू खुम्चिँदै जाँदा र रोजगारीका अवसरहरू सिर्जना नहुँदा नेपालका लाखौं युवाहरू खाडी राष्ट्रहरू, मलेसिया र पाश्चात्य मुलुकहरूमा सस्तो श्रम बेच्न बाध्य भए। आज नेपालको अर्थतन्त्रको मेरुदण्ड भनिएको विप्रेषण (रेमिट्यान्स) वास्तवमा नेपाली श्रमजीवी जनताको रगत र पसिनाको शोषणमा टिकेको परनिर्भर अर्थतन्त्रको कुरूप अनुहार मात्र बनेको छ । साम्राज्यवाद र सार्वभौमिकताको सवालः भारतीय कम्युनिस्ट पार्टीका पूर्वमहासचिव प्रकाश करातले सन् २०११ मा औँल्याएझैँ, २१औं शताब्दीमा साम्राज्यवाद समाप्त भएको छैन, बरु यसले अन्तर्राष्ट्रिय वित्त पुँजी र भू-राजनीतिक सामरिक गठबन्धनमार्फत अझ बढी क्रूर हस्तक्षेप गर्दै गइरहेको छ। उनको यो भनाइले नेपाल जस्तो सानो र विकासोन्मुख देशका लागि साम्राज्यवाद र विस्तारवादका हस्तक्षेपहरू प्रत्यक्ष-अप्रत्यक्ष रूपमा निरन्तर भइरहेका छन् भन्ने तथ्यलाई पुष्टि गर्छ । नेपालमा आउने वैदेशिक अनुदान तथा ऋणका पछाडि निश्चित भू-राजनीतिक एवं आर्थिक सर्तहरू जोडिएका हुन्छन् । शिक्षा, स्वास्थ्य र जलस्रोत जस्ता संवेदनशील क्षेत्रहरूमा अन्तर्राष्ट्रिय गैरसरकारी संस्था एवं साम्राज्यवादी एजेन्सीहरूको प्रभाव नीति निर्माण तहसम्मै पुगेको छ। इन्डो-प्यासिफिक रणनीति वा विभिन्न सामरिक सैन्य सम्झौताहरूमार्फत नेपाललाई दक्षिण एसियामा सामरिक अखडा बनाउने प्रयासहरू भइरहेका छन्। नेपालको असंलग्न परराष्ट्र नीतिलाई कमजोर बनाएर यहाँका शासक वर्गलाई वैचारिक तथा आर्थिक रूपमा लाचार बनाउने साम्राज्यवादी कूटनीति तीव्र छ। अतः राष्ट्रिय सार्वभौमिकता, सीमा सुरक्षा र स्वाधीन परराष्ट्र नीतिको रक्षा आज नेपाली वामपन्थी तथा देशभक्त आन्दोलनको प्रमुख कार्यभार बन्न पुगेको छ । नेपालको कृषि संकट र किसान एकताः नेपाल मूलतः कृषिप्रधान देश भनिए पनि आज यहाँको कृषि क्षेत्र गम्भीर संकटमा छ। नवउदारवादी नीतिकै कारण मल, बीउबिजन र प्रविधिमा राज्यले दिने अनुदान कटौती भएको छ ।

यसले गर्दा खेतीकिसानी घाटाको व्यापार बन्न पुगेको छ । युवाहरूको विदेश पलायनका कारण नेपालका उर्वर फाँटहरू बाँझा हुँदै गएका छन् । परम्परागत कृषि प्रणाली नष्ट भएको छ र नेपाली बजार भारतीय तथा बहुराष्ट्रिय कृषि उत्पादनहरूको क्रीडास्थल बनेको छ । ग्रामीण क्षेत्रमा अझै पनि अर्ध-सामन्तवादी अवशेषहरू र साहुमहाजनको शोषण कायम छ, जसले गर्दा वास्तविक भूमिहीन किसानहरू उत्पीडनमा छन्। सहरका संगठित तथा असंगठित औद्योगिक मजदुरहरू, ग्रामीण क्षेत्रका गरिब किसानहरू तथा भूमिहीनहरूको बलियो एकताविना नेपालमा कुनै पनि अग्रगामी परिवर्तन सम्भव छैन। सहरका श्रमजीवीहरू र गाउँका पसिना बगाउने किसानहरूको संयुक्त आन्दोलन नै नेपालको रूपान्तरणको मुख्य आधार हो । सामाजिक उत्पीडन र लैङ्गिक अन्तरविरोधः नेपालको सामाजिक संरचना अत्यन्त जटिल छ। यहाँ वर्गीय शोषणका साथै गहिरो सामाजिक उत्पीडन गढेर बसेको छ । मूलतः हिन्दू वर्णव्यवस्थामा आधारित जातीय छुवाछूत र उत्पीडनले नेपाली समाजलाई विभाजित गरेको छ । दलित, आदिवासी जनजाति, मधेसी र पिछडिएका क्षेत्रका जनतामाथि हुने राज्य र समाजको दोहोरो शोषण वर्गीय शोषणसँग अन्योन्याश्रित रूपमा जोडिएको छ । पुँजीवादी तथा पितृसत्तात्मक व्यवस्थाले महिलाहरूको श्रमलाई अवमूल्यन गरेको छ। घरभित्रको 'केयर इकोनोमी' को सम्पूर्ण भार महिलाहरूको काँधमा थोपरिएको छ भने बाहिर पनि उनीहरू समान ज्याला र अवसरबाट वञ्चित छन्। नेपालको सन्दर्भमा वर्गमुक्तिको आन्दोलन तबसम्म सफल हुन सक्दैन, जबसम्म जाति, क्षेत्र र लिङ्गका आधारमा हुने सबै प्रकारका सामाजिक उत्पीडनहरू विरुद्धको संघर्षलाई मार्क्सवादी आन्दोलनको मूलधारमा समाहित गरिँदैन । कम्युनिस्ट आन्दोलनको उपलब्धि र विचलनः सोभियत संघको विघटनपछि विश्वभर निराश बनेका कम्युनिस्ट आन्दोलनहरूबिच नेपालमा भने २०५२ फागुनदेखि सञ्चालित जनयुद्ध, २०६२/०६३ को ऐतिहासिक जनआन्दोलन र



विभिन्न संघर्षहरूका बलमा राजतन्त्रको अन्त्य भई संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना भयो । यी सबै आन्दोलनहरूको अग्रपंक्तिमा मार्क्सवादी-लेनिनवादी विचारधाराबाट प्रेरित कम्युनिस्ट पार्टीहरू नै थिए । तर विडम्बना, जब नेपालका वामपन्थी तथा कम्युनिस्ट पार्टीहरू सत्ताको शिखरमा पुगे, उनीहरूले क्रान्तिकारी सिद्धान्त र जनतासँगको साइनो बिर्सिए। महाकाली सन्धि र एमसीसी जस्ता राष्ट्रघाती सम्झौता उनीहरूले नै गर्न पुगे । अमेरिकी साम्राज्यवादलाई पार्टीका दस्तावेजहरूमा किटान गर्न पनि नसक्ने अवस्था आयो । यसरी संसदीय अवसरवाद र वैचारिक पतनका कारण सत्ता प्राप्ति र कुर्सीको खेलमा रुमलिएका कम्युनिस्ट भनिने दलहरूले समेत अन्ततः नवउदारवादी अर्थनीतिकै सेवा गर्न पुगे । दलाल पुँजीपति वर्ग र भ्रष्ट नोकरशाहीतन्त्रसँगको साँठगाँठले गर्दा जनतामा ठूलो निराशा पैदा भयो । एकातर्फ रूढिवादी र जडसूत्रवादी चिन्तनबाट मुक्त हुन नसक्नु र अर्कातर्फ क्रान्तिकारी कार्यदिशा छाडेर दक्षिणपन्थी अवसरवादमा पतन हुनु नेपालको कम्युनिस्ट आन्दोलनको मुख्य कमजोरी बन्यो ।

साभार : रातोपाटी ।




अनुरोधकर्ता
शहिदनगर नगरपालिकाको कार्यालय
धनुषा, मधेश प्रदेश

# शिक्षा सुधारमा तीनै तहबीच समन्वय आवश्यक : मन्त्री सिंह



दिपक श्रेष्ठ मण्डल
जनकपुरधाम, ४ भदौ

मधेश प्रदेशका शिक्षा तथा संस्कृति मन्त्री मनोज सिंहले मधेशको शैक्षिक अवस्था सुधारका लागि संघ, प्रदेश र स्थानीय तहबीच प्रभावकारी समन्वय आवश्यक रहेको बताएका छन्। शिक्षाका लागि राष्ट्रिय अभियान (एनसीई) नेपालले जनकपुरधाममा आयोजना गरेको प्रदेशस्तरीय युवा सम्मेलनलाई सम्बोधन गर्दै मन्त्री सिंहले सातवटै प्रदेशमध्ये मधेशको शैक्षिक अवस्था कमजोर रहेकाले शिक्षा क्षेत्रको सुधारलाई मुख्य प्राथमिकतामा राख्नुपर्ने बताए । उनले शिक्षा क्षेत्र कमजोर अवस्थामा रहेसम्म मधेशको समग्र विकासले गति लिन नसक्ने उल्लेख गर्दै गुणस्तरीय शिक्षाका लागि सबै तहका सरकारबीच सहकार्य आवश्यक रहेको बताए। मन्त्री सिंहले मधेशको शैक्षिक अवस्था नाजुक रहेको जानकारी हुँदाहुँदै पनि संघीय सरकारले प्रदेशलाई आवश्यक विशेष तथा सशर्त अनुदान उपलब्ध नगराएको गुनासो गरे। प्रदेश सरकारलाई पर्याप्त अधिकारसमेत नदिइएको उनको भनाइ थियो।

'एकातिर प्रदेश सरकारलाई अधिकार दिइएको छैन, अर्कोतर्फ मधेशको शैक्षिक अवस्था नाजुक हुँदाहुँदै संघ सरकारले न विशेष अनुदान दियो, न सशर्त अनुदान नै,' उनले भने ।

प्रदेश सरकारले शिक्षा क्षेत्रलाई प्रविधिमैत्री बनाउँदै विद्यार्थीलाई सूचना प्रविधि, सीप र रोजगारीसँग जोडेर अघि बढाउने तयारी गरिरहेको मन्त्री सिंहले जानकारी दिए ।

"पत्र-पत्रिकाहरूको कम्प्युटर सेटिङ्ग गर्नका लागि हामीलाई सम्झनुहोस ।"



सम्पर्क –: दिलीप कुमार साह :–
मो.नं.-९८४४०५१४८७ (जनकपुरधाम)
एकचोटी सेवाको मौका अवश्य दिनुहोला

प्रकाशक तथा सम्पादक : पवन कुमार साह, सह-सम्पादक : सोनी साह, मुद्रक : राजर्षि जनक अफसेट प्रिन्टर्स, जनकपुरधाम
प्र.कार्यालय : जलेश्वर -४, सुगा भवानीपट्टि, सम्पर्क कार्यालय : जनकपुरधाम–४ (मुरलीचौक), विज्ञापनको लागि सम्पर्क :९८४४०२७९७१/९८२४८७७६२७
Email:jaleshwortoday@gmail.com,web: www.jaleshwortoday.com, www.facebook.com/JaleshworToday,twitter.com/JaleshworToday